नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #३४
१०साउन२०७७

| २०७७ बैशाख १ देखि साउन ९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२८ | ४४ | ११४ | ६ | ७ | ३ | ४७ | ० | १६१ |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२६ | ४४ | ११३ | ३ | ६ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

९साउन विहान१०:००बजेदेखि १०साउन बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **१०** स्थानमा **अविरल वर्षा, ६** स्थानमा **पहिरो, ४** स्थानमा **आगलागी**, **१** स्थानमा **बाढी, १** स्थानमा **जंगली हातीको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर **१** जनाको **मृत्यु, २** जना **बेपत्ता, ३** जना **घाईते** भएका छन् । **बाढी र पहिरो**का कारण **४** स्थानमा **बाटो अबरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | २ | २२ | ३ | १७,१०,००० | ४ | २२ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२२** वटा घट्नाहरु भएका छन् ।
- **नुवाकोट**को बेलकोटगढी नगरपालिका वडा नं ८ हर्रे प्रियडाँडास्थित एक कच्ची घर **अविरल बर्षा**को कारण भत्किई एक जनाको च्यापीएर **मृत्यु** । वडा नं ५ दुईपिपल माझगाउँमा **पहिरो**का कारण ५ घर पुरिनुको साथै १ वटा भैँसी, ३ वटा राँगा, १८ वटा बाख्रा समेत पुरिएको ।
- **दार्चुला**को महाकाली नगरपालिका वडा नं ३ बडाली गाउँमा घरबाट सदरमुकाम खलंगा आउने क्रममा **पहिरोले २** जना बालबालिकालाई पुरेको र खोज तलास गर्ने क्रममा एक जना घाईते अबस्थामा उद्धार गरिएको र अर्को एक बेपत्ता भएकोले खोजतलास भईरहेको ।
- **गोरखा**को चुमनुब्री गाउँपालिका वडा नं ३ स्थित तिसेङ **खोला**को पानी एक्कासी बढ्न गई एक जना गोठ सहित खोलाले बगाई बेपत्ता ।
- **उदयपुरको** कटारी नगरपालिका वडा नं १४ घुर्मी बजारस्थित एक होटलमा खाना पकाउने क्रममा अचानक ग्याँस लिग भई **आगलागी** हुँदा आगो नियन्त्रण गर्ने क्रममा **२** जना घाईते । आगलागीबाट भाँडावर्तन, फर्निचरका सामानहरु समेत गरी **१ लाख** रुपैंया बराबरको क्षति ।

## घट्नासारांश...

- **महोत्तरी**को गौशला नगरपालिका वडा नं ५ गौशाला बजारमा अबिरल बर्षाका कारण एक घर भत्कि्दा **२ लाख** रुपैंया बराबरको क्षति ।
- **रौतहट**को बौधीमाई नगरपालिका वडा नं ५ मा **अबिरल बर्षा**को कारण एक कच्ची घर पुर्णरुपमा भत्किई **५० हजार** रुपैंया बराबरको क्षति ।
- **बर्दिया**को राजापुर नगरपालिका वडा नं १० झुण्डिपुरमा २० घरधुरीको जग्गामा लगाएको धान बालीमा भारतबाट आएका ५ वटा **जङ्गली हात्ती**हरुले धानबाली खाई **२ लाख** रुपैंया बराबरको क्षति ।
- **पाल्पा**को रामपुर नगरपालिका वडा नं ६ बिजयपुरस्थित एक कपडाको गोदाममा विजुली सर्ट भई अचानक भएको **आगलागी**बाट गोदाममा रहेको फाईबर सिरक, डसना, काठको दराज, काठ पलङ लगायतका सामानहरु जलि **३ लाख** बराबरको क्षति । निस्दी गाउँपालिका वडा नं ३ झिरुबासस्थित एक कच्ची घर **अबिरल बर्षा**को कारण पानी पसी भत्किन गई **१ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।
- **रोल्पा**को त्रिवेणी गाउँपालिका वडा नं ४ राम्जालिस्थित एक गोठ **अविरल बर्षा**को कारण भत्किई गोठमा बाँधेको गोरुको च्यापिएर मृत्यु ।
- **नवलपरासी पश्चिम**को प्रतापपुर गाउँपालिका वडा नं ४ हरपुरास्थित एक कच्चि घर **अबिरल बर्षा**का कारण आंशिक रुपमा भत्किई **६० हजार** रुपैंया बराबरको क्षति । वडा नं ३ नन्दपुरस्थित अर्को एक कच्ची घर **वर्षात**को कारणले भत्किई **२० हजार** रुपैंया बराबरको क्षति । सुस्ता गाउँपालिका वडा नं २ कुडियास्थित एक गोठ **अविरल बर्षात**को कारण भत्किदा **१५ हजार** रुपैंया बराबरको क्षति ।
- **रौतहट**को ईशनाथ नगरपालिका वडा नं ७ जोकाहास्थित एक कच्ची घर अबिरल बर्षाको कारण भत्कीन जाँदा घर आंशिक रुपमा क्षति भई घरभित्र रहेको अन्नपात, लत्ताकपडा र घर समेत गरी **५० हजार** रुपैंया बराबरको क्षति ।
- **काठमाण्डौ** महानगरपालिका वडा नं ५ हाँडीगाँउ सडक खण्डमा गुडीरहेको अवस्थामा को १८ प ८८८५ नं. को बुलेट मोटरसाइकलमा अचानक आगलागी हुँदा मोटरसाइकल आंसिक रुपमा क्षति ।
- **हुम्ला**को ताजाकोट वडा नं ५ मदानामा **अबिरल वर्षा**का कारण ३ **वटा घरमा** क्षति पुग्दा **४ लाख ३० हजार** रुपैंया बराबरको क्षति ।
- **कञ्चनपुर**को शुक्लाफँटा नगरपालिका वडा नं ११ अम्मरपुरस्थित एक कच्ची भन्साघरको चुलोमा बालेको आगोबाट अचानक **आगलागी** हुँदा उक्त भान्साघरभित्र रहेको अन्नपात, भँडावर्तन र भान्साघर पुर्ण रुपमा जली नष्ट हुँदा **१ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।

## बाटो अवरोध

- **स्याङ्जा**को गल्याङ नगरपालिका वडा नं ११ तुल्सी भङ्ज्याङ स्थित सिद्वार्थ राजमार्गमा अविरल बर्षाको कारण माथिबाट **पहिरो** आई **राजमार्ग पुर्णरुपमा अवरुद्व** ।
- **दाङ**को घोराही उपमहानगरपालिका वडा नं १९ च्यानगैरास्थित **घोराही होलेरी सडक खण्ड**मा बर्षाको कारण माथिबाट **पहिरो** आई **बाटो अवरुद्ध** ।
- **मकवानपुर**को ईन्द्रसरोबर गाउँपालिका वडा नं २ सुकौरा ड्याम स्थित सडकमा **पहिरो** आई **कुलेखानी हेटौडा-काठमाण्डौ बाटो अवरुद्ध** ।
- **पाल्पा**को रामपुर नगरपालिका वडा नं ४ गिजिनडाडा स्थित **रामपुर तानसेन सडक खण्ड**मा अबिरल बर्षाको कारण सडक माथिबाट **पहिरो** गई **बाटो पुर्णरुपमा अवररुद्ध** ।

## प्रतिकार्य


- सुरक्षा निकायको टोलीबाट आगलागी र पहिरोका कारण घाइते भएका व्यक्तिहरुको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, बेपत्ताहरूको खोजी कार्य जारी रहेको र स्थानीयको सहयोगमा पहिरोबाट अबरुद्ध भएका बाटोहरु खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन ०९ गते बिहान ०८:४५ बजे देखि साउन १० गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१०गते बिहान ०८:४५ बजे १९५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५८ र स्वचालितः १३७)मा मापन गरिएको वर्षाको विवरण अनुसार १६४ वटा केन्द्रहरुमा वर्षा भएको छ।

चित्र १) उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (९९.८मि. मी.) डडेलधुरा जिल्लाको गैबाडेकेन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ५ वटा केन्द्रमा ५०मि. मी. भन्दा बढि, १८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५३ वटा केन्द्रमा १०मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**श्रावण-१० (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी र नारायणीमा बहाव सामान्य घटबढ हुने, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केही बढ्ने तर सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव समान्य घटबढ हुने र सबैमा बहाव सतर्कता तलै हुने पूर्वानुमान छ ।**
- **आज झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ, उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत, म्याग्दी, चितवन, नवलपरासी, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, दाङ, बाँके, बर्दिया र आसपास भई बहने केही साना नदीमा बहाव केही बढ्ने तथा सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, बैतडी र आसपास भई बहने केही साना नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ ।**

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**